## अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय र सामाजिक वस्तु हो । यसको प्रयोग मानव समाजमा मात्र हुन्छ । भाषालाई प्रभावकारी तरिकाले प्रयोग गर्नका लागि भाषिक सीपहरूको शिक्षण गर्न आवश्यक हुन्छ । भाषिक सीपहरू कथ्य र लेख्य गरी दुई किसिमका हुन्छन् । सुनाइ र बोलाइ कथ्य सीपमा पर्दछन् भने पढाइ र लेखाइ लेख्य सीपमा पर्दछन् । भाषाका चारवटा सीपमध्ये महत्त्वपूर्ण सीपका रूपमा लेखाइ सीपलाई लिने गरिन्छ । लेखाइ सीपको माध्यमबाट नै भाषालाई व्यापक र विस्तृत रूपमा विकास गर्न सकिन्छ ।

लेखन सीपले व्यक्तिका सिर्जनात्मक सीपकला प्रदर्शन गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । लेखन सीपको विकास गराउनका लागि सप्रसङ्ग व्याख्या लेखन उत्तिकै महत्त्वपूर्ण छ । विद्यार्थीको लेखन क्षमताको विकास गर्न लेखनसम्बन्धी कार्यकलापहरू अनुच्छेद लेखन, कथालेखन, चिठीलेखन, निबन्ध लेखनजस्ता पक्षको लेखन गराएर लेखन क्षमताको विकास गराउन सकिन्छ । खास गरी सप्रसङ्ग व्याख्या लेखनले लेखन क्षमताको विकासको साथसाथै क्रमबद्ध सिलसिला मिलाएर तार्किक, उपमा, अलङ्कार, उदाहरण प्रस्तुत गरेर स्पष्ट पार्दछ । बराल र एटम (२०७३ : २२३) का अनुसार कुनै दृष्टांश गद्यांश वा पद्यांशमा रहेको मूल विचारलाई त्यसको सिलसिला वा सन्दर्भ दिएर व्याख्या गरी स्पष्ट पार्नु नै सप्रसङ्ग व्याख्या हो । यस्तो व्याख्याको क्रममा सन्दर्भ प्रस्तुत गर्दै उदाहरण दृष्टान्त तथा उपमा दिएर पङ्क्तिको पूरा व्याख्या गरिन्छ र अन्त्यमा निचोड सहित आफ्नो विचार दिइन्छ ।

सप्रसङ्ग व्याख्यामा पङ्क्तिको विचारलाई तन्काएर विस्तृत पारिन्छ, जसले गर्दा त्यसमा लुकेका सौन्दर्य पक्षहरूको पनि उद्घाटन हुन्छ । सप्रसङ्गले त्यसलाई बुझ्न मद्दत गर्दछ भन्ने निष्कर्षले विद्यार्थीको त्यसप्रतिको विस्तारित धारणालाई छर्लङ्ग पारिदिन्छ । यसो गर्दा स्पष्ट अर्थ आइसकेपछि पनि अनावश्यक रूपले गन्थन गर्दै लामो पार्नु भने हुँदैन । सप्रसङ्ग व्याख्याको भाषाशैली आकर्षक तथा उदाहरणहरूले उपयुक्त र मर्मस्पर्शी हुनुपर्दछ ।

समग्रमा भन्नुपर्दा कुनै विषयअन्तर्गतको पङ्क्ति वा दृष्टांशमा रहेका मूलविचारलाई सिलसिलाबद्ध तरिकाले आदि, मध्य र अन्त्य गरी तिनवटा क्रममा सरल र तर्कपूर्ण रूपले व्याख्या विश्लेषण गर्ने कार्य सप्रसङ्ग व्याख्या हो । लेखाइ सीपको विकास गराउनु नै सप्रसङ्ग व्याख्या लेखनको मूल उद्देश्य हो । यसले लेखन कार्य गराउनाले विद्यार्थीहरूमा कुनै विषयमा आधारित रही प्रसङ्गअनुसारको व्याख्या गर्न सक्ने क्षमता र सिर्जनात्मक मौलिक लेखनको विकास हुन्छ । सप्रसङ्ग व्याख्या लेखन क्षमताको विकासका लागि अध्ययन अध्यापन हुन आवश्यक हुन्छ । सप्रसङ्ग लेखन क्षमताको विकासका लागि अध्यापनको सिलसिला जति हुनसक्यो त्यति नै अनुसन्धान परिष्कृत र परिमार्जन हुँदै अगाडि बढ्छ । यस भन्दा अगाडि पनि सप्रसङ्ग व्याख्या लेखन क्षमतामा न्यून मात्रामा मात्रै अनुसन्धान भएका छन् । ती अध्ययन क्षेत्रगत र कक्षागत आधारमा भएका छन् । रूपन्देही जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको सप्रसङ्ग व्याख्या लेखन क्षमता शीर्षकमा अहिले सम्म नभएको हुँदा उक्त शीर्षकमा अध्ययन अनुसन्धान गर्नका लागि यो शोध प्रस्ताव तयार गरिएको हो ।

## १.२ समस्याकथन

रूपन्देही जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता के कस्तो रहेको छ साथै उनीहरूले पङ्क्ति वा उद्धरणलाई के-कसरी व्याख्या वा प्रसङ्गअनुसार अभिव्यक्त गर्न सक्छन् भन्ने मुख्य समस्या रूपमा रहेको छ । प्रस्तुत अध्ययनलाई निम्न लिखित समस्यामा केन्द्रित बनाइएको छ :

(क) रूपन्देही जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता कस्तो रहेको छ ?

(ख) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक स्थिति कस्तो रहेको छ ?

(ग) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता कस्तो छ ?

(घ) भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको सप्रसङ्ख्या व्याख्या लेखन क्षमता कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्रको मूल उद्देश्य रूपन्देही जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता पहिचान गर्नु हो । यसै उद्देश्य प्राप्तिका लागि निम्न लिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

(क) रूपन्देही जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको पहिचान गर्नु,

(ख) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु,

(ग) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको विश्लेषण गर्नु,

(ग) भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको सप्रसङग व्याख्या लेखन क्षमताको पहिचान गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

कुनै पनि विषयको आ-आफ्नै महत्त्व रहेको हुन्छ । त्यसैले लेखन सीपको विकास गराउन सप्रसङ्ग व्याख्या लेखनको पनि महत्त्वपूर्ण स्थान रहेको हुन्छ । भाषाका चारवटा सीप सुनाइ, बोलाइ, पढाइ मात्रै राम्रो भएर हुँदैन लेखन सीप पनि राम्रो हुन उत्तिकै आवश्यक हुन्छ । यी सीपहरू एक आपसमा अन्तरसम्बन्धित भएकाले पनि लेखन सीप राम्रो हुनुपर्दछ । लेखन सीपअन्तर्गत कथा, निबन्ध, कविता, अनुच्छेद, चिठी, निवेदनमध्ये सप्रसङ्ग व्याख्या लेखन पनि एउटा महत्त्वपूर्ण पाटा हो । कुनै पनि विषयको अध्ययन अनुसन्धान महत्त्वपूर्ण कार्य हो । अनुसन्धान गर्नुको मूल कारण नयाँ कुराको खोजी गर्नु हो । सत्य तथ्य कुराको पुष्टि गर्नु पनि हो । भाषाका अनौपचारिक र मौखिक विचारहरूलाई लेख्य रूप दिनेका लागि लेख्य रूपको विकास हुनुपर्दछ ।

सप्रसङ्ग व्याख्या लेखनले विद्यार्थीमा रहेको अन्तरनिहित प्रतिभाको प्रस्फुटन गरी वैचारिक धारणालाई एकीकृत गरी लिपिबद्ध बनाउन सहयोग गर्दछ । सप्रसङ्ग व्याख्या लेखनले सिर्जनात्मक कलात्मक र लेखाइमा परिपक्कता ल्याउने काम गर्दछ । उपयुक्त

किसिमका उदाहरण, उपमा, भनाइहरू स्पष्ट पार्दै लेखनकलामा उत्कृष्टता थप्न सहयोग पुऱ्याउँछ । समय परिवर्तनशिल भएका कारण समयको मागअनुसार भाषामा पनि मौखिक विचारलाई भन्दा लिखित र प्रयोगात्मक कुरालाई महत्त्व दिएको हुन्छ । लेखाइ सीप पनि प्रयोगात्मक पक्ष भएकाले लेखन सीपको विकास गर्नलाई प्रारम्भिक तह देखिनै लेखाइ सीपको विकासमा प्रयास गरेको पाइन्छ । सप्रसङ्ग व्याख्या लेखनलाई लेखन कलामा अझ परिष्कृत गर्न तल्लो तहदेखि उच्च तहसम्मका कक्षाहरूमा समावेश गरिएको छ । हालसम्म सप्रसङ्ग व्याख्या लेखनको त्यति धेरै अध्ययन अनुसन्धान भएका छैनन् । त्यसैले पनि प्रस्तुत अध्ययनको सान्दर्भिकता रहेको छ । त्यस्तै भाषिक क्षमतासम्बन्धी अध्ययन गर्न चाहने अध्यताहरूको लागि पनि मार्गदर्शक बन्नेछ । रूपन्देही जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययनमा देखिने समस्याहरूको समाधानमा प्रस्तुत अध्ययन केन्द्रित रहेको हुँदा अध्ययनको औचित्य प्रस्ट हुन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्र रूपन्देही जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययनलाई निम्नलिखित रूपमा सीमाङ्कन गरिएको छ :

(क) प्रस्तुत अध्ययन रूपन्देही जिल्ला भनिएता पनि देवदह नगरपालिकाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई मात्र सीमित गरिएको छ ।

(ख) विद्यालय प्रकृतिका आधारमा पाँचवटा सामुदायिक विद्यालयबाट ५० जना र पाँचवटा संस्थागत विद्यालय ५० जना मात्र रहेका छन् ।

(ग) लैङ्गिकताका आधारमा १० वटा विद्यालयमा ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूलाई मात्र सीमित गरिएको छ ।

(घ) भाषिक पृष्ठभूमिका आधारमा १० वटा विद्यालयका ५० जना नेपाली पहिलोभाषी र ५० जना दोस्रो भाषी विद्यार्थीहरूमा मात्र सीमित गरिएको छ ।

## १.६ अध्ययनको रूपरेखा

अध्याय एक : शोधपरिचय

१.१ अध्ययनको पृष्ठभूमि

१.२ समस्याकथन

१.३ अध्ययनको उद्देश्य

१.४ अध्ययनको औचित्य र महत्त्व

१.५ अध्ययनको सीमाङ्कन

१.६ अध्ययनको रूपरेखा

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

२.१ पूर्वकार्यको पुनरावलोकन

२.१.१ पुस्तकको पुनरावलोकन

२.१.२ शोधपत्रको पुनरावलोकन

२.२ अवधारणात्मक ढाँचा

२.२.१ सप्रसङ्ग व्याख्याको परिचय

२.२.२ सप्रसङ्ग व्याख्याको ढाँचा

२.२.३ सप्रसङ्ग व्याख्या गर्दा ध्यान दिनुपर्ने कुराहरू

२.२.४ सप्रसङ्ग लेखनको उपयोगिता

२.२.५ सप्रसङ्ग व्याखयाको आवश्यकता र महत्त्व

२.२.६ सप्रसङ्ग व्याख्या लेखन र यसको लेखनइ सीपसँग सम्बन्ध

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

३.१ जनसङ्ख्या

३.२ नमुना छनोट

३.३ साधनको निर्माण

३.४ तथ्याङ्कको व्याख्या तथा विश्लेषण

३.४.१ प्राथमिक स्रोत

३.४.२ द्वितीयक स्रोत

३.५ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

**अध्याय चार : समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन**

४.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

४.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

**अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन**

५.१ प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयको सप्रसङ्ग व्याख्याको अध्ययन

५.१.१ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

५.१.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

५.२ प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयको सप्रसङ्ग व्याख्याको अध्ययन

५.२.१ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

५.२.२ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

५.३ विद्यालय प्रकृतिको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलना

**अध्याय छ : लैङ्गिकताका आधारमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन**

६.१ प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा छात्रको सप्रसङ्ग व्याख्याको अध्ययन

६.१.१ प्रतिशतका आधारमा छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

६.१.२ मध्यमान र मानक विचलनका आधारमा छात्रको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

६.२ प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा छात्राको सप्रसङ्ग व्याख्याको अध्ययन

६.२.१ प्रतिशतका आधारमा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

६.२.२ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

६.३ विद्यालय प्रकृतिको आधारमा छात्र र छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलना

**अध्याय सात : भाषिक पृष्ठभूमिका आधारमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन**

७.१ प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्याको अध्ययन

७.१.१ प्रतिशतका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

७.१.२ मध्यमान र मानक विचलनका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

७.२ प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा दोस्रोभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्याको अध्ययन

७.२.१ प्रतिशतका आधारमा दोस्रोभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

७.२.२ मध्यमान र मानक विचलनका आधारमा दोस्रोभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति

७.३ विद्यालय प्रकृतिको आधारमा नेपाली पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलना

अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता

८.१ सारांश

८.२ निष्कर्ष

८.३ उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

प्रस्तुत शीर्षकसँग सम्बन्धित सैद्धान्तिक अवधारणाका लागि प्रकाशित पुस्तक र विविध शीर्षकमा तयार पारिएको शोधपत्रलाई पूर्वकार्यको रूपमा पुनरावलोकन गरिएको छ ।

लेखन क्षमतासम्बन्धी विभिन्न अनुसन्धान भएको छ । ती अनुसन्धानहरू केही मात्रामा लेखन सीप विकासका क्षेत्रहरू कथा, अनुच्छेद, निबन्ध, चिठी, सारांश, दैनिकी लेखनसँग मात्र सम्बन्धित रहेको छ, भने सप्रसङ्ग व्याख्या लेखन क्षमता अध्ययनमा अहिलेसम्म न्यून मात्र भएको पाइन्छ । प्रस्तुत शोधकार्यको अध्ययनका लागि लेखन क्षमतासम्बन्धी भएका विभिन्न अनुसन्धानात्मक लेखहरू र पुस्तकहरूलाई पूर्वकार्यको पुनरावलोकनका लागि आधार बनाइएको छ । प्रस्तुत अध्ययन कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन गर्नु पर्ने भएकाले यसभन्दा अघि अध्ययन अनुसन्धान भएका छन् भने पूर्वानुमान गर्नु आवश्यक हुन्छ । लेखन सीपसँग सम्बन्धित थुप्रै अनुसन्धान भएको  पाइन्छ । सप्रसङ्ग व्याख्या लेखनसँग सम्बन्धित भएर के-कति अनुसन्धान भएका छन् भनेर पूर्व खोजी गर्नु आवश्यक हुन्छ । यसरी हेर्दा अहिलेसम्म सप्रसङ्ग व्याख्या लेखन न्यून मात्रामा अनुसन्धान भएकाले रूपन्देही जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन गर्नु, उपयुक्त र सान्दर्भिक मानिएको छ । प्रस्तुत अध्ययन विभिन्न किसिमका जानकारी उपलब्ध गराउन सहयोग हुने पाठ्यसामग्रीबाट प्राप्त निष्कर्षलाई समेत यहाँ पूर्वकार्यको समीक्षाको रूपमा लिइएको छ । सन्दर्भलाई निम्न दुई वर्गमा विभाजन गरी समीक्षा गरिएको छ :

### २.१.१ पुस्तकको पुनरावलोकन

त्रिपाठी (२०५६) द्वारा 'नेपाली साहित्य शृङ्खला भाग-१' नामक पुस्तकमा साहित्यका विभिन्न विधाबाट लेखन सीप विकासमा उत्कृष्टता ल्याउन थप आधार भूमि तयार पार्दछ भने सप्रसङ्ग व्याख्या लेखनको लागि नमुना पाठका रूपमा रहेको छ ।

यसले गर्दा सप्रसङ्ग व्याख्या लेखनको ढाँचा, शैली, अलङ्कार, उपमा र दृष्टांश सहित व्याख्या गर्न सहयोग प्राप्त भएको छ ।

पौडेल (२०६७) द्वारा 'दोस्रो भाषाका रूपमा नेपाली शिक्षण' नामक पुस्तकमा दोस्रो भाषाका रूपमा नेपाली भाषाको शिक्षणमा नेपालमा बहुभाषिक स्थिति, दोस्रो भाषाको सैद्धान्तिक अवधारणामा दोस्रो भाषा सिकाइका प्रभावक तत्त्व र दोस्रो भाषा शिक्षणका प्रमुख पद्धति र विधि बाहेक दोस्रो भाषाका रूपमा भाषिक सीप शिक्षण उपयोग हुने देखिएको छ । यसमा भाषाका चारवटा सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपमा केन्द्रित भएर भाषिक सीप शिक्षण गर्नुपर्दछ भनी प्रस्तुत गरिएको पाइन्छ । लेखनकलामा यान्त्रिक, निर्देशित, स्वतन्त्र वा सिर्जनात्मक किसिमले गर्नु पर्दछ भनी उल्लेख गरिएको छ । यो पुस्तक भाषिक अनुसन्धानका सन्दर्भमा एक उल्लेखनीय कृति हो । प्रस्तुत शोध विषय सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्य भन्दा उक्त शोध सप्रसङ्ग व्याख्या लेखन प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । यस पुस्तकबाट सप्रसङ्ग व्याख्या लेखन सीपको अवधारणाको विवेचना गर्न सहयोग लिइएको छ ।

ढकाल (२०६७) द्वारा 'नेपाली भाषाशिक्षण' नामक प्रस्तुत पुस्तकमा भाषिक सीपका सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारवटै सीपको विकासका विविध पक्षहरूको चर्चा गरिएको छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारवटै भाषिक सीप समावेश गरिएको सो पुस्तकमा सिकारुको तह, अवस्था र प्रयोजनअनुसार लेखनकार्य चार प्रकारको हुने कुराको चर्चा गरिएको छ । स्वतन्त्र लेखन, निर्देशित लेखन र सिर्जनात्मक लेखनमा विद्यार्थीले गर्ने त्रुटि र यसका निराकरणका उपाय र शिक्षण सिकाइ क्रियाकलापका उपाय समेत उल्लेख गरिएको छ । प्रस्तुत शोध विषय सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्य भन्दा उक्त शोध सप्रसङ्ग व्याख्या लेखन प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । प्रस्तुत पुस्तकको अध्ययनले उक्त शोधकार्यको सैद्धान्तिक आधार निर्माण गर्न मद्दत पुऱ्याएको छ ।

नेपाली बृहत शब्दकोश (२०६७) मा सप्रसङ्गलाई अर्थ स्पष्ट नभएको कुनै पद, वाक्य, कविता आदिको अर्थ वा भाव स्पष्ट खुलाउने कुनै कुरा घटना, दृश्य आदिको खुलस्त वर्णन, व्याख्या, अर्थ स्पष्ट नभएको कुनै पद, वाक्य, कविता आदिको अर्थ स्पष्ट

गरी व्याख्या गर्ने भनी उल्लेख गरिएको छ । यसले सप्रसङ्ग व्याख्या लेखनको अर्थ बोधका लागि सहयोग पुऱ्याएको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा 'नेपाली भाषाशिक्षणका सन्दर्भहरू' नामक पुस्तकमा माध्यमिक तहका नेपाली भाषाका पाठ्यपुस्तकमा लेखाइ शिक्षणको आवश्यकता बोलाइ र लेखाइ सीपको सम्बन्ध र लेखन सीपमा यान्त्रिक, निर्देशित, स्वतन्त्र र सिर्जनात्मक लेखन र शिक्षण सिकाइ क्रियाकलापमा प्रारम्भिक र उत्तरवर्ती कार्यकलाप भनेर लेखन सीपलाई छुट्याइएको छ भने भाव विस्तार, भाव व्याख्या वा सप्रसङ्ग व्याख्या लेखन कार्यकलाप प्रारम्भिक कार्यकलापमा राखिएको छ । प्रस्तुत शोध विषय सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्य भन्दा उक्त शोध सप्रसङ्ग व्याख्या लेखन प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ। उक्त पुस्तकबाट सप्रसङ्ग व्याख्या लेखनको विवेचना गर्न सहयोग प्राप्त भएको छ ।

अधिकारी (२०६९) द्वारा 'नेपाली भाषाशिक्षण' नामक पुस्तकमा भाषिक सीपका भिन्न पक्षको चर्चा गरिएको छ । लेखन सीपको विकासमा सहयोग पुऱ्याउन अनुच्छेद लेखन पनि महत्त्वपूर्ण पक्ष भएको कुरा यस पाठ्यपुस्तकमा उल्लेख गरिएको छ । उक्त पुस्तकमा अनुच्छेदका भन्नाले विभिन्न वाक्यहरूको समूहबाट बनेको सङ्गठित वैचारिक एकाइ हो भन्ने कुरा प्रस्तुत गरिएको छ । लेखाइ शिक्षणअन्तर्गत विभिन्न कार्यकलापमा लेखाइको शुद्धीकरण, लेखनका प्रकार, लेखन शिक्षणमा विचार पुऱ्याउनु पर्ने कुरा आदि उल्लेख गरिएको छ। प्रस्तुत शोध विषय सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्य भन्दा उक्त शोध सप्रसङ्ग व्याख्या लेखन प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । उक्त पुस्तक अनुसन्धानका लागि उपयोगी र सान्दर्भिक देखिन्छ । यसले प्रस्तुत शोधकार्यको तथ्याङ्क सङ्कलन र विश्लेषणमा सहयोग प्राप्त गरिएको छ ।

बराल र एटम (२०७३) द्वारा 'सरल माध्यमिक व्याकरण अभिव्यक्ति र अभ्यास' नामक पुस्तकमा लेखन सीपसम्बन्धी विभिन्न कार्यकलाप गराउन सकिने र ती कार्यकलापलाई सैद्धान्तिक र प्रयोगात्मक रूपमा सञ्चालन गर्न सकिने र लेखन कार्यकलापमा सप्रसङ्ग व्याख्या लेखन क्रियाकलापलाई समावेश गरिएको र उक्त पुस्तकमा पाठ र स्तरअनुसार गद्यांश र पद्यांशमा रहेका मूल विचारलाई त्यसको सिलसिला वा सन्दर्भ दिएर व्याख्या गराउनु पर्ने र स्तरअनुसारको सप्रसङ्ग व्याख्याको

अभ्यास गराउनु पर्ने कुरा उल्लेख गरिएको छ । प्रस्तुत शोध विषय सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्य भन्दा उक्त शोध सप्रसङ्ग व्याख्या लेखन प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । यस पुस्तकमा उल्लिखित सप्रसङ्ग व्याख्यामा प्रस्तुत शाधेकार्यमा आवश्यक पर्ने सप्रसङ्ग व्याख्याको ढाँचा निर्धारणमा सहयोग पुऱ्याएको छ ।

पौडेल र खनाल (२०७४) द्वारा 'माध्यमिक नवीन नेपाली व्याकरण' नामक पुस्तकमा बोध तथा अभिव्यक्ति खण्डमा लेखन सीपअन्तगर्तत बोध बुझाइ, बुँदा टिपोट, सङ्क्षेपीकरण, चिठी लेखन, दैनिकी लेखन, निबन्ध लेखन, वक्तृता, वादविवाद, संवाद, मनोवाद, जीवनी लेखन, कथालेखनको नमुना उत्तरमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको परिचय सङ्क्षिप्त उत्तरको ढाँचा सङ्क्षिप्त उत्तर लेख्ने तरिका र केही नमुना उत्तरको पनि चर्चा गरिएको छ । प्रस्तुत पुस्तकको अध्ययनले सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन अनुसन्धानमा थप सहयोग पुऱ्याएको छ भने प्रस्तुत शोधकार्यमा तथ्याङ्क सङ्कलन र विश्लेषणमा थप सहयोगी सामग्रीको रूपमा लिइएको छ ।

### २.१.२ शोधपत्रको पुनरावलोकन

खतिवडा (२०६४) द्वारा *कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन* शीर्षकमा स्नातकोत्तर तहको शोधकार्य गरिएको पाइन्छ । उदयपुर जिल्लाको कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको पहिचान गर्नु, चिठी तथा निवेदन लेखनमा विद्यार्थीहरूलाई परेका समस्या पहिचान गरी आवश्यक सल्लाह र सुझाव दिनु उक्त शोधकार्यको प्रमुख उद्देश्यहरू प्रस्तुत गरिएको छ । उदयपुर जिल्लाका ५/५ सामुदायिक र संस्थागत विद्यालयका ४०/४० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा लिएको छ । मूलतः सर्वेक्षण विधि र आशिंक पुस्तकालयीयमा उक्त शोधकार्य सम्पन्न भएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता उच्च रहेको प्रस्तुत गरिएको छ । समग्रमा सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्न चिठीलेखन शिक्षण पद्धतिलाई व्यवस्थित बनाउनु पर्ने सुझाव प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य चिठी तथा निवेदन लेखन क्षमता अध्ययनसँग सम्बन्धित छ

। कक्षा सातका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य क्षेत्रगत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यसँग उक्त शोधमा गरिने तथ्याङ्कको व्याख्या विश्लेषणका लागि प्रायोगिक पक्षमा सहयोग लिइएको छ ।

दौल्याल (२०६४) द्वारा *कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षक कार्यमा शोधकार्य गरिएको छ । उक्त शोधमा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयको तुलनात्मक स्थिति पहिल्याउनु, नेपाली मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिचाल्याउनु, लैङ्गिक आधारमा छात्र र छात्राको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु तथा कमी कमजोरीहरूको निराकरण गरी सुझाव दिनु जस्ता उद्देश्य रहेका छन् । उक्त अध्ययन कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूलाई केन्द्रबिन्दु मानेर क्षेत्रीय सामग्री सङ्कलन विधिद्वारा समूहगत प्रतिशताङ्क निर्धारण गरी निबन्ध लेखन क्षमताको पहिचान गरिएको छ । यस अध्ययन कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयको, दोस्रोभाषी विद्यार्थी भन्दा मातृभाषी नेपाली हुने विद्यार्थीहरूको छात्रको भन्दा छात्राको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । समग्रमा कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता भने कमजोर रहेको सुझाव दिएको छ । उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य निबन्ध लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कक्षा सातका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य क्षेत्रगत दृष्टिले भिन्न रहेको छ । यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा आवश्यक तथ्याङ्क सङकलन गर्न सहयोग प्राप्त भएको छ ।

सापकोटा (२०६७) द्वारा *काभ्रे जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । काभ्रे जिल्लामा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक तथा संस्थागत विद्यालयका छात्र छात्राहरूको बिच अनुच्छेद लेखनको स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा अनुच्छेद लेखनको तुलना गर्नु आदि जस्ता उद्देश्य राखी सामग्री सङ्कलन विधि, क्षेत्रीय अनुसन्धान विधिको प्रयोग गरी उक्त

अध्ययनबाट विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता मध्यम र विद्यालय प्रकृतिका आधारमा सामुदायिकभन्दा संस्थागत विद्यलायको राम्रो भएको निष्कर्ष छ भने नेपाली पहिलोभाषी छात्रछात्रा र दोस्रोभाषी छात्रछात्राबिच तुलनात्मक अध्ययन गर्दा मातृभाषी छात्र नै अनुच्छेद लेखन क्षमतामा अगाडि बढेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य अनुच्छेद लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कक्षा सातका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा भाषिक पृष्ठभूमिका आधारमा सप्रसङ्ग व्याख्या/लेखनको स्थिति पहिल्याउन सहयोग पुऱ्याएको छ ।

अधिकारी (२०६८) द्वारा *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा अनुच्छेद लेखनको तुलनात्मक स्थिति पहिल्याउनु उद्देश्य राखेको पाइन्छ । जनसङ्ख्या पहिचान र प्रतिनिधि नमुना विधिको प्रयोग गरी सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य अनुच्छेद लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कक्षा सातका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । यसले प्रस्तुत शोधकार्यमा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको नमुना छनोट गर्न सहयोग प्राप्त भएको छ ।

पोखरेल (२०७०) द्वारा *पाल्पा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरू अनुच्छेद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य पूरा भएको पाइन्छ । यस अध्ययनको उद्देश्य विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, पहिलो भाषी र दोस्रोभाषी नेपाली, सामुदायिक र संस्थागत विद्यालयको लैङ्गिक आधारमा विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्नु र अनुच्छेद लेखनसँग सम्बन्धित समस्या र कठिनाइ पत्ता लगाइ आवश्यक सुझाव दिनु रहेको छ । संस्थागत र सामुदायिक विद्यालयका ६० जना

विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोट गरी अनुच्छेद लेखन क्षमताको अध्ययन गरिएको छ । यस अध्ययनमा प्राथमिक स्रोतका रूपमा क्षेत्रीय अध्ययन विधिलाई प्रयोग गरिएको छ । संस्थागत विद्यालयका विद्यार्थीको तुलनामा सामुदायिक विद्यार्थीको अनुच्छेद लेखन त्यति सन्तोषजनक नरहेको निष्कर्ष निकालिएको छ । अनुच्छेद लेखन लेखाइ सीप विकासको प्रमुख आधार भएकाले भाषापाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने क्रममा यसलाई महत्त्वपूर्ण स्थान दिई पाठ्यपुस्तकमा अभ्यासका रूपमा र परीक्षामा प्रश्नपत्रका रूपमा समेत अनिवार्य समावेश गर्नुपर्ने सुझाव दिइएको छ । उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य अनुच्छेद लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कक्षा सातका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलन र तथ्याङ्क विश्लेषणमा सहयोग प्राप्त गरिएको छ ।

थापा (२०७०) द्वारा *नुवाकोट जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको व्याख्या लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा विद्यार्थीहरूको व्याख्या लेखन क्षमताको पहिचान, विद्यालय प्रकृति र लैङ्गिकताको आधारमा व्याख्या लेखन क्षमताको तुलना र व्याख्या लेखन कार्यसम्बन्धी कमी कमजोरीको पहिचान गरिएको छ । त्यसै गरी शिक्षकहरूले शिक्षण गर्दा अपनाउने कार्यकलापहरूको पहिचान र विद्यार्थीहरूमा देखा परेका सम्बन्धित कठिनाइहरूको निराकरण गर्न आवश्यक सुझाव प्रस्तुत गरिएको छ । उक्त अध्ययनका लागि ६ वटा विद्यालयबाट १०/१० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । उक्त अध्ययनले संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको व्याख्या लेखन क्षमता राम्रो रहेको निष्कर्ष पाइएको छ । त्यस्तै लैङ्गिकताको आधारमा छात्रको भन्दा छात्राको व्याख्या लेखन क्षमता स्तर राम्रो रहेको पाइन्छ । यसका साथै शिक्षकहरूमा व्याख्या लेखनको सैद्धान्तिक ज्ञान सकारात्मक रहेको भए पनि व्यावहारिक रूपमा कम प्रयोग भएको निष्कर्ष निकालिएको छ । त्यसै गरी व्याख्या लेखनलाई त्यति चासो नदिएको देखाइएको छ । यसका साथै शिक्षक केन्द्रित कार्यकलाप गर्ने गरेको निष्कर्ष प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य व्याख्या लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कक्षा सातका

विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त शोधपत्रको अध्ययनले प्रस्तुत शोधकार्यमा गरिने सप्रसङ्ग व्याख्या लेखन क्षमतामा तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गर्न सहयोग पुऱ्याएको छ ।

पन्त (२०७२) द्वारा *कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गर्नु र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्य रहेको पाइन्छ । यी उद्देश्यमा आधारित भएर गरिएको शोधकार्यमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता समग्र सीपगत आधारमा विषयवस्तुको संयोजन, प्रस्तुतीकरण र भाषिक शुद्धता र स्तरअनुरूपतामा मध्यम खालको देखिएको छ । संस्थागत र सामुदायिक विद्यालयको अनुच्छेद लेखन तुलनात्मक अध्ययन गर्दा संस्थागत विद्यालयको राम्रो रहेको छ । लैङ्गिकताका आधारमा अनुच्छेद लेखन तुलनात्मक रूपमा हेर्दा छात्रको भन्दा छात्राहरूको राम्रो रहेको छ । भाषिक पृष्ठभूमिका आधारमा पहिलोभाषी नेपाली भएकाहरूले अनुच्छेद लेखन राम्रो पाइयो भने दोस्रो नेपाली भाषाभन्दा पहिलो नेपालीभाषी विद्यार्थीहरूमा लेखनगत भाषिक शुद्धता स्तरीयता वर्णविन्यासमा त्रुटि कम पाइएको निष्कर्ष निकालिएको छ भने दोस्रो भाषीहरूमा यस किसिमको त्रुटि बढी भएको निष्कर्ष निकालिएको छ । सामुदायिक विद्यालयका ८० र संस्थागत विद्यालयका ८० जना गरी जम्मा १६० जना विद्यार्थीहरूबाट अध्ययन गरेर तथ्याङ्क सङ्कलन गरेर विश्लेषण गरिएको छ । नेपाली भाषालाई सजिलो विषयका रूपमा हेर्न सम्बन्धित विद्यालयमा शिक्षक निर्देशिकाको प्रयोगमा अभाव हुनु, परीक्षणमा अनुच्छेद लेखनलाई समावेश नगरिनु जस्ता थुप्रै कारणले अनुच्छेद लेखनमा अपेक्षाकृत नतिजा आउन सकेको छैन भनी निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य अनुच्छेद लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कक्षा सातका विद्यार्थीहरूलाई आधार मानेर

गरिएको उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य क्षेत्रगत दृष्टिले भिन्न रहेको छ । उक्त शोधपत्रले प्रस्तुत शोधकार्यमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको उद्देश्य छनोटमा सहयोग पुऱ्याएको देखिन्छ ।

खतिवडा (२०७३) द्वारा *मोरङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा मोरङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको पहिचान गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको कथालेखन क्षमताको विश्लेषण गर्नु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको कथालेखन क्षमताको विश्लेषण गर्नु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको कथालेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्य रहेका छन् । उक्त अध्ययनमा उद्देश्यका आधारमा मोरङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरू मध्ये सामुदायिक भन्दा संस्थागत विद्यालय, दोस्रो नेपालीभाषी विद्यार्थीहरूको भन्दा पहिलो नेपालीभाषी विद्यार्थीहरूको, लैङ्गिकताका आधारमा छात्र र विद्यार्थीहरूको भन्दा छात्राहरूको कथालेखन क्षमता राम्रो भएको निष्कर्ष निकालिएको छ । समग्रमा मोरङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको समग्र सीपगत आधारमा, मौलिकता, शुद्धता र स्तरयुक्ततालाई हेर्दा कथालेखन क्षमता समग्रमा सन्तोषजनक नै देखाइएको छ । उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य कथालेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कक्षा सातका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त अध्ययनबाट प्रस्तुत शोधकार्यका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न सहयोग प्राप्त भएको छ ।

खनाल (२०७३) द्वारा *काठमाडौं जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य भएको पाइन्छ । यस अनुसन्धानका उद्देश्यहरू कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमता पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका छात्रछात्राहरू बिचको कथालेखन क्षमताको स्थिति अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीको कथालेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउन, लैङ्गिकताका आधारमा छात्र र छात्राको कथालेखन क्षमताको स्थिति अध्ययन गर्नु र उक्त कक्षाका विद्यार्थीहरूको

कथालेखनसम्बन्धी कमजोरी पत्ता लगाई सुधारका लागि सुझाव दिनु रहेको छ । जसमा तिनवटा सामुदायिक र तिनवटा संस्थागत विद्यालय गरेर ६ वटा विद्यालय समावेश गरिएकोमा ती विद्यालयमा कक्षा पाँचमा अध्ययनरत १०/१० जना विद्यार्थी छनोट गरिएको छ, जसमा छात्रछात्रा तथा पहिलो भाषी र दोस्रो भाषी दुवै पर्ने गरी छनोट गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका, नेपाली दोस्रो भाषी विद्यार्थीभन्दा नेपाली पहिलो भाषी विद्यार्थीको छात्रको तुलनामा छात्राको कथालेखन क्षमता राम्रो पाइए पनि समग्रमा काठमाडौं जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमतामा एकरूपता नपाइएकाले शिक्षकले रुचि, इच्छा, भाषिक क्षमतालाई तथा अन्य समस्यालाई मध्यम नजरमा राखी कथालेखन क्षमताको विकासका लागि सुझाव दिएको पाइन्छ । उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य कथालेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कक्षा सातका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । यसले सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन गरिने प्रस्तुत शोधकार्यमा विषयवस्तुको संयोजनमा सहयोग पुऱ्याएको छ ।

आचार्य (२०७३) द्वारा *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधपत्र अर्घाखाँची जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको निवेदन लेखनको स्थिति पहिल्याउनु र लैङ्गिक आधारमा उक्त विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु रहेको छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको यस शोधकार्यमा अर्घाखाँची जिल्लाका चारवटा सामुदायिक र चारवटा संस्थागत विद्यालयहरूलाई प्रतिनिधि नमुनाको रूपमा लिएको पाइयो भने विद्यार्थी छनोटमा प्रति विद्यालयमा १० जनाका दरले पाँच छात्र र पाँच छात्रा पर्ने गरी विद्यार्थीहरूको छनोट गरिएको छ । तथ्याङ्कको विश्लेषणको लागि मध्यमान र प्रतिशताङ्कलाई आधार बनाएर तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ । सामुदायिक विद्यालयमा अध्ययनरत छात्र छात्राहरूको भन्दा संस्थागत विद्यालयमा अध्ययनरत छात्र छात्राहरूको लैङ्गिकताको आधारमा छात्रहरूको भन्दा छात्राहरूको राम्रो रहेको पाइएको छ भने समग्र रूपमा प्राप्त तथ्याङ्कहरूलाई छात्र र छात्रा, संस्थागत र

सामुदायिक क्षेत्रका सबै विद्यार्थीहरूको प्राप्ताङ्कका आधारमा विश्लेषण गर्दा विद्यार्थीको निवेदन लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कक्षा सातका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । यसले प्रस्तुत शोधकार्यमा सप्रसङ्ग व्याख्याका चरणहरूको निर्धारण गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

बडुवाल (२०७३) द्वारा *कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन* शीर्षकमा अध्ययन भएको पाइन्छ । यस अध्ययनमा विद्यार्थीको सप्रसङ्ग व्याख्या लेखन क्षमता पत्ता लगाउनु, विद्यालयको प्रकृतिका आधारमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति पहिल्याउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययन गर्न कञ्चनपुर जिल्लाका समग्र विद्यालय मध्ये वेलौरी नगरपालिकाअन्तर्गत पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका १०/१० गरी पाँच छात्र र पाँच छात्रा पर्ने गरी जम्मा १०० विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको देखिएको छ । यसमा तथ्याङ्क सङ्कलन प्रक्रियामा प्राथमिक स्रोतका रूपमा स्थलगत अध्ययनबाट प्राप्त सामग्रीलाई प्राथमिक सामग्रीको रूपमा लिइएको छ । यस अध्ययनपत्रमा तथ्याङ्कको व्याख्या विश्लेषण गर्न प्रतिशत, मध्यमान, मानक विचलनलाई आधार बनाइएको छ भने सप्रसङ्ग व्याख्या लेखनमा दुईवटा प्रश्नलाई लिइएको छ । सप्रसङ्ग व्याख्या लेखनलाई आदि, मध्य र अन्त्यको ढाँचामा विभाजन गरिएको छ । समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन प्रतिशतका आधारमा उच्च रहेको देखाइएको छ भने मानक विचलनका आधारमा सन्तुलनको स्थिति पाइन्छ । विद्यालय प्रकृतिका आधारमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनामा गरिएको छ । लैङ्गिकताका आधारमा छात्रा विद्यार्थीको तुलनामा छात्रको सप्रसङ्ग व्याख्या लेखन उच्च रहेको र भाषिक पृष्ठभूमिको आधारमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको विश्लेषण गर्दा मातृभाषी नेपाली विद्यार्थीको तुलनामा अन्य मातृभाषी विद्यार्थीको सप्रसङ्ग व्याख्या लेखन क्षमता राम्रो भएको पाइन्छ । उक्त पूर्वकार्यभन्दा उक्त

शोधकार्य सप्रसङ्ख्या व्याख्या लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कक्षा सातका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य क्षेत्रगत दृष्टिले भिन्न रहेको छ । उक्त शोधपत्र शीर्षकको अध्ययनले सप्रसङ्ग व्याख्या लेखनको आदि, मध्य र अन्त्य लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा तथ्याङ्क सङ्कलन विश्लेषण र निष्कर्ष निकाल्न सहयोग प्राप्त भएको छ ।

विभिन्न पाठ्यपुस्तक साथै शोधपत्रलाई हेर्दा लेखाइ सीप विकाससँग सम्बन्धित थुप्रै अध्ययन अनुसन्धान भएको पाइए पनि सप्रसङ्ग व्याख्या लेखन क्षमतासँग सम्बन्धित शोधपत्र न्यून पाइएको छ र उक्त शोधपत्रको विस्तृत र गहन रूपमा अध्ययन भएको पाइएको छैन । शिक्षणीय प्रयोजनले तयार पारिएका पाठ्यपुस्तक र विभिन्न शोधपत्रहरू यस अनुसन्धानलाई सामग्री सङ्कलन र व्याख्या विश्लेषणका लागि उपयोगी भएको देखिन्छ । कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन शीर्षकमा गरिने प्रस्तुत शोधकार्य प्रभावकारी बन्ने अपेक्षा गरिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ सप्रसङ्ग व्याख्याको परिचय

सप्रसङ्ग व्याख्या भावविस्तार तार्किक पुष्टिका लागि मौखिक अभिव्यक्ति लेखन र अभिव्यक्तिका माध्यमबाट पनि अर्थलाई स्पष्ट पार्दछ । सप्रसङ्ग व्याख्याले कुनै गद्यांश वा पद्यांश रचनाका पाठबाट पनि विशेष किसिमका सुक्तिमय उद्धरण वा पङ्क्तिलाई लिएर तिनको अर्थ भाव विस्तार पनि भनिन्छ । यसलाई बोधको उत्कृष्ट रूप पनि मानिन्छ । सप्रसङ्ग व्याख्या लेखनले विद्यार्थीको बोध र अभिव्यक्ति क्षमताको विकासमा मद्दत पुऱ्याउँछ । सप्रसङ्ग व्याख्या प्रारम्भिक कक्षाहरूबाट राखिए पनि यो विशेष गरेर माध्यमिक तह र उच्च तहका कक्षाहरूमा विशेष प्रभावकारी हुन्छ । यसले विद्यार्थीहरूमा तार्किक, सिर्जनात्मक क्षमताको विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ ।

शब्दको सन्दर्भपरक अर्थ स्पष्ट गर्न यसको प्रयोग प्रसङ्गको व्याख्या गर्ने विधिलाई अपनाउन सकिन्छ । कतिपय अमूर्त शब्द र उखान टुक्काको अर्थ स्पष्ट गर्न पनि यो प्रभावकारी हुन सक्छ । यस्ता शब्दका लाक्षणिक, व्यञ्जनात्मक र विशिष्ट प्रयोग सन्दर्भमा कुरा व्युत्पत्ति र कोशीय अर्थबाट मात्र प्राप्ति हुन सक्दैन । अन्तः अर्थ स्पष्ट गर्न

तिनको प्रयोगपरक आशय र प्रसङ्ग बयान आवश्यक हुन्छ (शर्मा र पौडेल, २०७२ : १७५) । यसबाट के स्पष्ट हुन्छ भने सप्रसङ्ग व्याख्या लेखन क्षमतामा सिलसिला मिलाएर विशिष्ट पङ्क्ति वा उखान टुक्को व्यञ्जनात्मक र लाक्षणिक किसिमले गद्य र पद्यमा रहेका विशिष्ट पङ्क्तिलाई विचारहरूमा प्रसङ्ग वा सन्दर्भ जोडेर अर्थगत विस्तार गर्न सकिन्छ ।

पाठ्यपुस्तकका कुनै गद्य वा पद्य रचनासम्बन्धी पाठबाट विशेष किसिमका सुक्तिमय उद्धरण, पङ्क्ति वा विशिष्ट पङ्क्तिहरूलाई लिएर तिनमा भएका अर्थ, आशय एवम् अभिप्रायहरूलाई प्रस्ट्याइ गर्ने वर्णन विशेषलाई भावविस्तार, भाव व्याख्या वा सप्रसङ्ग व्याख्या भन्ने गरिन्छ (पौडेल, २०६७ : १८३) । यस किसिमको लेखन अभ्यासबाट विद्यार्थीहरूमा कुनै पनि कुराको प्रयोग पङ्क्ति वा उद्धरणको प्रयोग सिलसिला बुझेर अर्थको गहिराइसम्म पुग्ने र त्यसलाई प्रभावकारी शैलीमा अभिव्यक्त गर्न सक्ने सीपको विकास हुन्छ । अतः लेखन सीप भाषाका चारवटा सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ मध्ये सप्रसङ्ग व्याख्या लेखन सीप क्षमतासँग सम्बन्धित रहेको छ । लेखन सीप सुरुमा निर्देशित, नियन्त्रित र अन्त्यमा स्वतन्त्र किसिमको हुन्छ । सप्रसङ्ग व्याख्या पूर्ववर्ती चरण कक्षा ३/४ देखि कक्षा ८ सम्म रहेको छ भने उत्तरवर्ती चरण माध्यमिकदेखि उच्च तहसम्म रहेको हुन्छ । सप्रसङ्ग व्याख्या लेखनले लेखनमा क्रमबद्ध तरिकाले लेखन सीपको विकासमा सहयोग पुऱ्याउनुको साथै तार्किक र अर्थको गहिराइसम्म पुग्ने र त्यसलाई प्रभावकारी शैलीमा अभिव्यक्त गर्न सक्ने क्षमताको विकास गराउँछ । यो बोधको उत्कृष्ट रूप हो ।

### २.२.२ सप्रसङ्ग व्याख्याको चरण

सप्रसङ्ग व्याख्या मूलतः तीन अनुच्छेदमा गर्नुपर्छ । पहिलो अनुच्छेद प्रसङ्गसँग सम्बन्धित हुन्छ भने दोस्रो अनुच्छेद व्याख्याको अनुच्छेद भएकाले यो पहिलो अनुच्छेदको तुलनामा विस्तारित हुन्छ । तेस्रो अनुच्छेद निष्कर्षको रूपमा रहन्छ (पौडेल र खनाल, २०७४ : १२४) । यो तीन अनुच्छेदलाई निम्नानुसार चर्चा गरिएको छ :

क. **प्रसङ्ग (पहिलो अनुच्छेद)**

यस अनुच्छेदमा निर्धारित अंशको सन्दर्भ प्रस्तुत गर्न दिएको अंशका लेखक वा रचयिता को हुन् ? यो अंश कुन शीर्षक र विधाको पाठबाट निकालिएको हो ? सो अंश कसले कसलाई किन भनेको हो ? यसमा के बारे भनिएको छ ? भन्ने प्रश्नको उत्तर खोज्ने काम गरिन्छ । यसमा लेखक भएमा जन्म र मृत्यु (कोष्ठक भित्र) परिचय विशेषता, कृतिहरू, सम्मान तथा पुरस्कारहरू केही पनि उल्लेख गर्नु पर्दैन ।

ख. **व्याख्या (दोस्रो अनुच्छेद)**

यो सप्रसङ्ग व्याख्याको मूल खण्ड हो । विभिन्न सम्बद्ध तथ्यका आधारमा निर्धारित अंशको मूल भावलाई विस्तार गर्ने काम अनुच्छेदमा गरिन्छ । यस अनुच्छेदमा मूल विचारको पुष्टिका निम्ति विभिन्न उपयुक्त किसिमका उदाहरणहरू दिन सकिन्छ तर अनावश्यक कुरा थप्न पाइँदैन । छोटा एवम् मिठासपूर्ण वाक्यहरूको प्रयोग गरी तर्कपूर्ण ढङ्गले पङ्क्तिको भित्रको भावलाई बाहिर ल्याउनु पर्छ । व्याख्याका क्रममा पङ्क्तिमा निहित लाक्षणिक अर्थ र व्यङ्ग्यलाई पनि सङ्केत गर्नुपर्छ । यसमा बिम्ब, प्रतीक, अलङ्कार आदिको जानकारी दिनसके अझै राम्रो हुन्छ ।

ग. **निष्कर्ष (तेस्रो अनुच्छेद)**

यो सप्रसङ्ग व्याख्याको टुङ्ग्याउनी हो । यसमा आफ्नो विचार सहित व्याख्या खण्डकै विस्तारित कुराहरूको निचोड प्रस्तुत गर्नुपर्छ । यही भागमा पङ्क्तिको छन्द ( कविता भएमा) भाषा र शैलीको खोलुवा दिनुपर्छ । यसलाई पहिलो अनुच्छेद जति नै विस्तार गर्न सकिन्छ ।

यस ढाँचाअनुसार सप्रसङ्ग व्याख्यालाई तीन भागमा वर्गीकरण गरेर गद्य र पद्यका विशिष्ट पङ्क्तिको व्याख्या गर्न सकिन्छ । यसबाट लेखन सीपलाई क्रमबद्ध बनाउन मद्दत पुग्ने देखिन्छ ।

### २.२.३ सप्रसङ्ग व्याख्या गर्दा ध्यान दिनुपर्ने कुराहरू

सप्रसङ्ग व्याख्या गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) लेखक को हुन्, कुन शीर्षकबाट उद्धरण गरिएको छ स्पष्ट पार्नु पर्दछ ।

(ख) सप्रसङ्ग व्याख्या लेखन गर्दा आदि, मध्य र अन्त्यको आधारमा व्याख्या गर्नुपर्दछ ।

(ग) गद्यांश वा पद्यांशमा अलङ्कार उखान, टुक्का, उदाहरण दिएर लेखनलाई अझ उत्कृष्ट र सरल मिठासपूर्ण शैलीमा विचार अभिव्यक्त गर्नुपर्दछ ।

(घ) कथ्य भाषालाई लेख्य भाषामा प्रस्तुत गर्दा लिपि चिह्न वा लेख्य वर्णको सहायता लिनुपर्दछ ।

(ङ) सप्रसङ्ग व्याख्या लेखनमा सिलसिला वा क्रमबद्ध रूपमा एकपछि अर्को गरी प्रस्तुत गर्नुपर्दछ ।

(च) भाषिक प्रयोगको स्तरीयता कायम राख्न लेख्य चिह्नको प्रयोगमा ख्याल राख्नुपर्दछ ।

(छ) पङ्क्तिको मूल सार लेख्नुपर्दछ ।

### २.२.४ सप्रसङ्ग व्याख्या लेखनको प्रयोजन

कुनै दृष्टांश गद्य वा पद्यमा रहेका मूल विचारलाई त्यसको सिलसिला वा सन्दर्भ दिएर व्याख्या गरी स्पष्ट पार्नु नै सप्रसङ्ग व्याख्या लेखन कार्य हो (बराल र एटम, २०७३ : २२९) । यस लेखनकार्य विभिन्न पक्षमा आधारित भएर गरिन्छ । यसले विशिष्ट पङ्क्ति, उक्ति, उखानटुक्कालाई उदारहण दिएर उपमा दृष्टान्त दिएर थोरैमा धेरै भन्ने सामर्थ्य राखेको हुन्छ । त्यसैले यसले विद्यार्थीमा लेखन सीपको विकास, शुद्धा शुद्धि, क्रमबद्धता, तार्किकता, विश्लेषणात्मक क्षमताको विकास गराउन भनाइलाई अभिव्यक्त गर्न, कल्पना क्षमता विकास गर्न र भावहरूको संरचना सिलसिला मिलाएर सन्दर्भलाई उपयुक्त ठाउँमा राखेर लेखन क्षमता विकास गराउन सप्रसङ्ग व्याख्या लेखन क्षमताको प्रयोजन रहेको हुन्छ । शब्दभण्डार क्षमताको वृद्धि गर्न र विकास गर्न साथै विशिष्ट अंशको भाव विस्तारका माध्यमबाट अभिव्यक्ति क्षमता वृद्धि गर्न सप्रसङ्ग व्याख्या गर्नु, पुष्टि गर्नु

जस्ता विविध रूपमा लेखन सीपको विकासमा सहयोग पुऱ्याउने गर्दछ । त्यसैले लेखन सीप विकासमा यसको प्रयोजन रहेको छ ।

### २.२.५ सप्रसङ्ग व्याख्याको आवश्यकता र महत्त्व

भाषा विचार विनिमयको माध्यम हो । लेखाइ सीप पनि विचार विनिमयको अन्य माध्यम भए झैं लेखाइ सीप पनि एक हो । लेखाइ सीपमा सक्षम हुनु भनेको अभिव्यक्ति क्षमताको विकास हुनु हो । भाषिक सीपहरूमध्ये लेखाइ पनि एउटा महत्त्वपूर्ण सीप हो । लेखन सीप वैयक्तिक कार्यकलाप हो । लेखन सीपको विकासले गद्य वा पद्यबाट उक्ति, उखानटुक्का उदाहरणलाई सिलसिला र सारगर्भित रूपमा प्रस्तुत गरेर स्पष्ट पार्ने कार्य गर्दछ । लेखन सीप विकासमा सप्रसङ्ग व्याख्या लेखन सीपको महत्त्व रहेको हुन्छ । यसकार्य गराउनाले विद्यार्थीहरूमा कुनै पनि शीर्षक भित्र रहेका पङ्क्ति, भाव र आफ्ना विचारहरूलाई सिलसिलाबद्ध रूपमा स्पष्ट पार्ने काम गर्दछ । सप्रसङ्ग व्याख्या लेखन कार्यले उदाहरण सहित तर्क र विश्लेषण गर्न विद्यार्थीहरूमा सहयोग गर्दछ । सप्रसङ्ग व्याख्या लेखन तह, स्तर र कक्षाअनुसार फरक फरक हुन्छ । विद्यार्थीहरूको लेखन सीपमा परिष्कृत परिमार्जन गरेर लेखन कलालाई उत्कृष्ट बनाउन सप्रसङ्ग व्याख्या लेखन क्षमताको आवश्यकता रहेको छ । लेखन कलाले सीपमा शुद्ध, सरल, तार्किक, स्पष्ट, उदाहरण, उपमा समेतको प्रयोग गरेर स्पष्ट पार्ने कार्य गर्दछ । यस कार्यका अभ्यास गराउनाले विद्यार्थीहरूमा सम्बन्धित पाठको विशिष्ट पङ्क्ति, अंशप्रति आफ्नो विचार, धारणालाई सरल र सहज भाषामा स्पष्ट पार्न सहयोग पुऱ्याउँदछ । यसरी भाषिक सीप विकासका लागि सप्रसङ्ग व्याख्या लेखन कार्यको आवश्यकता रहेको छ ।

### २.२.६ सप्रसङ्ग व्याख्या लेखन सीप लेखाइ सीपसँगको सम्बन्ध

भाषिक सीपहरूमा वक्ताले भनेको कुरा आशय र अर्थअनुरूप श्रोताले सुन्नुलाई सुनाइ भनिन्छ । ज्ञान प्राप्त गर्ने सबैभन्दा सरल र सहज उपाय सुनाइ हो । बोलाइ सीप भनेको मानिसलाई आफ्नो बोलिका माध्यमबाट आफ्ना मनका भावना विचार, धारणा, चाहना, उद्देश्य, सुनेका, देखेका, अनुभव गरेका र पढेका कुरालाई ध्वनि प्रतीकहरूद्वारा श्रोता समक्ष सरल, सहज, स्पष्ट र प्रभावपूर्ण रूपले व्यक्त गर्ने उपायलाई नै बोलाइ भनिन्छ । पढाइ भनेको लिपिबद्ध दृश्यात्मक भाषामा उतारिएको सूचनालाई मस्तिष्कले सङ्गठित गरेर अर्थ बोध र ग्रहण गर्नु नै पढाइ हो । सुनेका, देखेका, पढेका, जानेका

कुरालाई लिपिचिह्नद्वारा अभिव्यक्ति गर्ने भाषिक कार्यकलापलाई लेखाइ भनिन्छ । पाठक वा श्रोताको अनुपस्थितिमा पनि आफ्ना विचारलाई लिपिचिह्नद्वारा प्रस्तुत गर्ने उपाय नै लेखाइ हो । लिखित अभिव्यक्ति मौखिक अभिव्यक्तिको प्रतिकात्मक प्रयोग पनि हो । सप्रसङ्ग व्याख्या लेखन क्षमतासँग सम्बन्धित छ । नेपाली भाषाशिक्षणमा सप्रसङ्ग व्याख्या लेखन क्षमतालाई पनि पाठ्यक्रममा समावेश गरिएको छ । सप्रसङ्ग व्याख्याले लेखन क्षमताको विकास गराउन सहयोग गर्दछ ।

मानव समुदायमा विचार र भावनाको आदानप्रदान गर्ने यादृच्छिक परम्परित तथा व्यवस्थित वाक्प्रतीकलाई भाषा भनिन्छ । भाषाका कथ्य र लेख्य गरी दुई माध्यम रहेका हुन्छन् । बोलाइको माध्यमबाट पूरा नहुने विचारहरूलाई लेखाइको माध्यमबाट पूरा गर्ने गरिन्छ । कथ्य भाषालाई ध्वन्यात्मक सङ्केतका माध्यमले अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । भाषाका विचार विनिमयका माध्यमहरूमा लेखाइलाई पनि महत्त्वपूर्ण मानिन्छ । लेखाइ सीपले भाषालाई सङ्गठन गर्ने भएकाले लेखाइ सीपलाई विद्यालय तहको प्रारम्भिक तहदेखि उच्च तहसम्म लेखन सीपको विकास गराउनु उपयुक्त हुन्छ ।

लेखन सीप विकास राम्रो भयो भने भाषाको अभिव्यक्ति क्षमता राम्रो हुन्छ । लेखाइ सीप नै कमजोर भयो भने भाषाको अभिव्यक्ति त्यति राम्रो हुँदैन । त्यसैले भाषालाई उत्कृष्ट बनाउन पनि लेखन सीप राम्रो हुनु आवश्यक हुन्छ । लेखन सीपको विकास गराउन कथा, निबन्ध, कविता, चिठी, अनुच्छेद लेनको माध्यमबाट पनि गराउन सकिन्छ । लेखन सीपले भाषालाई तार्किक र विश्लेषणात्मक लेखनमा मद्दत पुऱ्याउँछ । सप्रसङ्ग व्याख्या लेखनले भाषा नविगरिकन तार्किक, उदाहण दृष्टांश सहित लेखन क्षमतामा सहयोग पुऱ्याउँछ (बराल र एटम, २०७३ : २२९) । त्यसैले पनि सप्रसङ्ग व्याख्या लेखन सीपसँग अन्तरसम्बन्ध रहेको हुन्छ । सप्रसङ्ग व्याख्या लेखनले थोरै मा धेरै भन्ने क्षमता राखेको हुन्छ । जुनसुकै काम व्यावहारिक रूपमा गर्न लेखन सीपको खाँचो रहेको हुन्छ । लेखाइ सीप सामान्य व्यक्तिदेखि उच्च व्यक्तिसम्म आवश्यक रहेको हुन्छ ।

सप्रसङ्ग व्याख्या लेखनले विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमता बढाउनुको साथै लेखन सीप र शैलीलाई प्रभावकारी बनाउन सहयोग मिल्छ । त्यसैले सप्रसङ्ग व्याख्या लेखन सीपको लेखाइ सीपसँग नङ र मासुको जस्तो सम्बन्ध रहेको हुन्छ ।

विद्यार्थीको लेखनमा पनि त्यसको प्रभाव पर्छ । सप्रसङ्ग व्याख्या राम्रोसँग लेख्न सक्यो भने त्यो लेखन सीपको प्रमाण हो लेखन सीपले मनोवैज्ञानिक तरिकाले विकास गराउँदै लैजान सप्रसङ्ग व्याख्या लेखनले सहयोग पुऱ्याउँछ । सप्रसङ्ग व्याख्या लेखनलाई प्रारम्भिक तहदेखि उच्च तहसम्म विद्यार्थीहरूको लेखन क्षमताको विकास गर्न पाठ्यपुस्तकमा समावेश गरेको पाइन्छ । जसले गर्दा लेखन सीपको विकासमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको महत्त्वपूर्ण स्थान रहेको छ ।

## २.३ निष्कर्ष

सप्रसङ्ग व्याख्या लेखन क्षमतासँग सम्बन्धित छ । यसले गद्य र पद्यका विशिष्ट पङ्क्ति वा पङ्क्ति सुक्तिलाई लिएर तिनको अर्थ आशय एवम् अभिव्यक्तिलाई स्पष्ट पार्न गरिने भाव व्याख्या वा सप्रसङ्ग व्याख्या भनिन्छ । सप्रसङ्ग व्याख्याले भाषाका चारवटा सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखन क्षमताको विकास गर्न बोध र अभिव्यक्ति क्षमताको विकासमा सहयोग पुऱ्याउँछ । सप्रसङ्ग व्याख्या लेखनले तार्किक सिर्जनात्मक र बौद्धिक क्षमताले लेखनलाई क्रमबद्ध र सिलसिला मिलाएर विश्लेषणात्मक तरिकाले लेख्न सहयोग पुऱ्याउँछ । यसले विद्यार्थीको पठनबोध क्षमता र अभिव्यक्ति कौशलको विकासमा सहयोग पुग्छ । पाठ्यक्रममा साहित्यिक विधाबाट पाठहरूको विश्लेषण गर्न विशिष्ट अंशहरूको सप्रसङ्ग व्याख्या गर्न लगाएर लेखन क्षमताको विकास गराउन लेखन सीपअन्तर्गत सप्रसङ्ग व्याख्यालाई समावेश गरिएको छ ।

## अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमा रूपन्देही जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा गएर त्यहाँका दुई वटा विद्यालयलाई आधार मानेर क्षेत्रीय अध्ययन विधि अपनाइएको छ । यसलाई निम्नानुसार प्रक्रिया अपनाइएको छ :

## ३.१ जनसङ्ख्या

प्रस्तुत शोध अध्ययनका लागि रूपन्देही जिल्लाका कक्षा नौमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.२ नमुना छनोट

रूपन्देही जिल्लाका समग्र विद्यालयहरूमध्ये पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयलाई नमुनाको रूपमा छनोट गरिएको छ । यस अध्ययनमा ५ जना छात्र र ५ जना छात्रा गरी प्रत्येक विद्यालयबाट १० जनाका दरले ५० सामुदायिक र ५० संस्थागत गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ भने भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूलाई पनि ५०/५० पर्ने गरी नमुनाको रूपमा छनोट गरिएको छ ।

## ३.३ सामग्री निर्माण

प्रस्तुत अध्ययन विद्यार्थीहरूको परीक्षण गरी तथ्य सङ्कलन गर्नुपर्ने प्रकृतिको भएकाले परीक्षणका लागि प्रश्नको रूपमा अवलोकन फारम बनाइएको छ । उक्त कार्य गर्दा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित रहेर दुईवटा प्रश्न निर्माण गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत शोधकार्य पूरा गर्नका लागि प्राथमिक र द्वितीयक सामग्रीको अवलम्बन गरिएको छ :

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्यमा आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि प्राथमिक स्रोतका रूपमा मुख्य स्रोत शोधकर्ता स्वयम् भएकाले विद्यालयकाहरूमा पुगी प्राप्त सूचनाहरू प्राथमिक सामग्रीका रूपमा उत्तरपुस्तिकाहरू रहेका छन् ।

### ३.४.२ द्वितीयक स्रोत

प्रस्तुत अनुसन्धानलाई सहज रूपमा अगाढि बढाउन यसभन्दा अगाडि भए गरेका शोधपत्र, पत्र, पत्रिका, पाठ्यपुस्तक, पुस्तकको खोजी गरी अध्ययन गरिएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनको शीर्षक सप्रसङ्ग व्याख्या लेखन सीपसँग सम्बन्धित छ । सङ्कलिन सामग्री परीक्षणका लागि छुट्टाछुट्टै अङ्क विभाजन गरिएको छ । परीक्षणका रूपमा निम्न लिखित कुरा समावेश गरिएको छ । सप्रसङ्ग व्याख्या लेखनका लागि विद्यार्थीहरूलाई २५/२५ गरी ५० पूर्णाङ्कका दुई वटा प्रश्न दिइएको छ । उत्तरपुस्तिकामा आदि, मध्य र अन्त्यका लागि २० अङ्क, विषयवस्तुको ज्ञान, भाव र सप्रसङ्ग व्याख्याका लागि २० अङ्क, मौलिकता र भाषाशैलीका लागि ५ अङ्क र वर्णविन्यास, किनारा छोडाइ र सफाइ शुद्धताका लागि ५ अङ्क गरी जम्मा ५० पूर्णाङ्कमा परीक्षण गरिएको छ । यसका साथै उत्तरपुस्तिका परीक्षणबाट प्राप्त नतिजालाई प्रतिशताङ्क, मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको पहिचान गरिएको छ ।

अध्ययनका क्रममा क्षेत्रीय अध्ययन विधिलाई आधार बनाई यादृच्छिक नमुना छनोट विधिलाई आधार बनाइएको छ । समग्रमा, विद्यार्थी प्रकृतिको आधारमा, लैङ्गिकताका आधारमा र भाषिक पृष्ठभूमिका आधारमा सप्रसङ्ग व्याख्या लेखन क्षमतालाई छुट्टाछुट्टै तालिकाबद्ध गरिएको छ ।

## अध्याय चार

# समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्यालेखन क्षमताको अध्ययन

प्रस्तुत अध्यायमा जनसङ्ख्या छनोटमा परेका रूपन्देही जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अभिव्यक्ति विश्लेषण गर्ने उद्देश्य राखिएको छ । यस शोध अध्ययनका लागि छनोटमा परेका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका ५० छात्र र ५० छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूबाट तथ्याङ्क सङ्कलन गरिएका छ । अध्ययनका ऋममा छनोटमा परेका विद्यालयका समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमतामा प्रतिशताङ्क, मध्यमान र मानक विचलनको स्थिति देखाइएको छ ।

## ४.१ विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति हेर्नको लागि विभिन्न आधार मानिएको छ । ती आधारहरूमा आदि, मध्य र अन्त्य उल्लेख, विधा उल्लेख, सप्रसङ्ग उल्लेख, व्याख्या र निष्कर्ष लेख्ने आदिको आधारमा उत्तरपुस्तिका परीक्षण गरियो, त्यसमा विद्यार्थीहरूको उत्तरपुस्तिका परीक्षण पछि आएको परिणामलाई यसरी तालिकाबद्ध रूपमा देखाइएको छ ।

तालिका सङ्ख्या १

समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्यालेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | | आदि, मध्य, अन्त्य उल्लेख | | विधा उल्लेख | | सप्रसङ्ग उल्लेख | | व्याख्या | | निष्कर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने |
| १०० | समग्र वि.सं. | ९४ | ४ | ८३ | १७ | ७८ | २२ | ६७ | ३३ | ५६ | ४४ |
| | प्रतिशत | ९४ | ४ | ८३ | १७ | ७८ | २२ | ६७ | ३३ | ५६ | ४४ |

उपयुक्त तालिकाको आधारमा हेर्दा आदि, मध्य, अन्त्ये उल्लेख गर्ने विद्यार्थीहरूको सङ्ख्या ९४ (९४ प्रतिशत) रहेको र आदि, मध्य, अन्त्य उल्लेख नगर्ने ४ (४ प्रतिशत) रहेको छ । विधा उल्लेख गर्ने विद्यार्थी सङ्ख्या ८३ (८३ प्रतिशत) र विधा उल्लेख नगर्ने

विद्यार्थी सङ्ख्या १७ (१७ प्रतिशत) रहेको छ । सप्रसङ्ग उल्लेख गर्ने विद्यार्थीहरूको सङ्ख्या ७८ (७८ प्रतिशत) र सप्रसङ्ग उल्लेख नगर्ने विद्यार्थीहरूको सङ्ख्या २२ (२२ प्रतिशत) रहेको छ । त्यस्तै व्याख्या गर्ने ६७ (६७ प्रतिशत) र व्याख्या नगर्ने ३३ (३३ प्रतिशत) रहेको छ । निष्कर्ष लेख्ने ५६ (५६ प्रतिशत) र निष्कर्ष नलेख्ने ४४ (४४ प्रतिशत) रहेको छ । उपयुक्त तालिकाका आधारमा सबैभन्दा बढी विद्यार्थी आदि, मध्य, अन्त्य उल्लेख गर्ने ९४ (९४ प्रतिशत) रहेको छ भने सबैभन्दा कम निष्कर्ष लेख्ने विद्यार्थीहरूको सङ्ख्या ५६ (५६ प्रतिशत) रहेको छ ।

### ४.१.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

तालिका सङ्ख्या २

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | १ देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १७ | १७ | २७ | २७ | ३० | ३० | २६ | २६ |

चित्र सङ्ख्या १

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क



प्रस्तुत स्तम्भ चित्र र तालिका प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका १०० जना विद्यार्थीहरूको सप्रसङ्ग लेखन क्षमतालाई चार श्रेणी निर्धारण गरी प्रस्तुत गरिएको छ । यसअनुसार ३९ भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १७ (१७ प्रतिशत) रहेको पाइन्छ भने ४० देखि ५९ सम्म प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २७ (२७ प्रतिशत) रहेको पाइन्छ । त्यस्तै ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३० (३० प्रतिशत) रहेको पाइन्छ भने ८० भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २६ ( २६ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यून स्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू १७ प्रतिशत र मध्यम स्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू २७ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी उच्चस्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरूको ३० प्रतिशत रहेको पाइन्छ भने अति उच्चस्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू २६ प्रतिशत रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरू ४४ प्रतिशत रहेको देखिन्छ भने उच्च र अतिउच्च स्तरको क्षमता भएका विद्यार्थीहरू ५६ प्रतिशत रहेकाले समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

### ४.१.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

यस क्रममा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा पनि गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमतालाई यसप्रकार तालिकीकरण गरी विश्लेषण गरिएको छ ।

तालिका सङ्ख्या ३

मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ६१.५२ | २० | ४८ | ४८ | ५२ | ५२ |

### चित्र सङ्ख्या २

### मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत वृत्तचित्र र तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको मध्यमान ६१.५२ र समग्रको मानक विचलन २० रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि सप्रसङ्ग व्याख्या लेखन क्षमता विद्यार्थीहरूको सङ्ख्या ५२ (५२ प्रतिशत) रहेको पाइन्छ । मध्यमानभन्दा कम रहेका विद्यार्थीहरूको सङ्ख्या ४८ (४८ प्रतिशत) रहेको पाइन्छ । मध्यमानभन्दा माथि ५२ (५२ प्रतिशत) रहेको पाइन्छ र मध्यमानभन्दा तल ४८ (४८ प्रतिशत) पाइनुले समग्रमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति राम्रो देखिन्छ ।

माथिको तालिकामा समग्र मानक विचलन २० देखिएको पाइन्छ । यसरी हेर्दा १०० पूर्णाङ्कको परीक्षण गर्दा मानक विचलन २० देखिनुले समग्रमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता सन्तुलनको स्थिति देखिन्छ ।

## ४.२ निष्कर्ष

यस अध्ययनमा समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको विश्लेषण गरिएको छ । उक्त अध्ययनमा समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताका आधारमा ६० भन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५६ रहेकाले समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता राम्रो रहेको छ । मध्यमानभन्दा माथि ५२ (५२ प्रतिशत) र मध्यमानभन्दा तल ४८ (४८ प्रतिशत) पाइनुले समग्रमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति राम्रो देखिन्छ ।

## अध्याय पाँच

## विद्यालय प्रकृतिको आधारमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन

विद्यालय प्रकृतिका आधारमा पनि विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ । अतः सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा सुरुमा ती विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको छुट्टाछुट्टै अध्ययन गरी त्यसपछि ती दुई प्रकृतिका विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ ।

### ५.१ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

प्रस्तुत अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति हेर्नका लागि विभिन्न आधार मानिएको छ । ती आधारहरूमा आदि, मध्य, अन्त्य उल्लेख, विधा उल्लेख, सप्रसङ्ग उल्लेख, व्याख्या र निष्कर्ष लेख्ने आदिको आधारमा उत्तरपुस्तिका परीक्षण गरियो, त्यसमा विद्यार्थीहरूको उत्तरपुस्तिका परीक्षण पछि आएको परिणामलाई यसरी तालिकाबद्ध रूपमा देखाइएको छ ।

तालिका सङ्ख्या ४

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | | आदि, मध्य, अन्त्य उल्लेख | | विधा उल्लेख | | सप्रसङ्ग उल्लेख | | व्याख्या | | निष्कर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने |
| ५० | सा.वि.सं. | ४१ | ९ | ३७ | १३ | ४६ | ४ | ४४ | ६ | ४३ | ७ |
| | प्रतिशत | ८२ | १८ | ७४ | २६ | ९२ | ८ | ८८ | १२ | ८६ | १४ |
| ५० | सं.वि.सं. | ४४ | ६ | ३९ | ११ | ३९ | ११ | ४५ | ५ | ४६ | ४ |
| | प्रतिशत | ८८ | १२ | ७८ | २२ | ७८ | २२ | ९० | १० | ९२ | ८ |

उपयुक्त तालिकाको आधारमा हेर्दा सामुदायिक विद्यालयको आदि, मध्य, अन्त्य उल्लेख गर्ने विद्यार्थीहरूको सङ्ख्या ४१ (८२ प्रतिशत) रहेको र आदि, मध्य, अन्त्य उल्लेख

नगर्ने ९ (१८ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयको आदि, मध्य, अन्त्य उल्लेख गर्ने ४४ (८८ प्रतिशत) र नगर्ने ६ (१२ प्रतिशत) रहेको छ । सामुदायिक विद्यालयको विधा उल्लेख गर्ने विद्यार्थी सङ्ख्या ३७ (७४ प्रतिशत) र विधा उल्लेख नगर्ने १३ (२६ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयमा विधा उल्लेख गर्ने ३९ (७८ प्रतिशत) र नगर्ने ११ (२२ प्रतिशत) रहेको छ । सामुदायिक विद्यालयको सप्रसङ्ग उल्लेख गर्ने विद्यार्थीका सङ्ख्या ४६ (९२ प्रतिशत) र नगर्ने ४ (८ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयमा सप्रसङ्ग उल्लेख गर्ने विद्यार्थी सङ्ख्या ३९ (७८ प्रतिशत) र नगर्ने ११ (२२ प्रतिशत) रहेको छ । सामुदायिक विद्यालयको व्याख्या गर्ने विद्यार्थीको सङ्ख्या ४४ (८८ प्रतिशत) र नगर्ने ६ (१२ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयको व्याख्या उल्लेख गर्ने ४५ (९० प्रतिशत) र नगर्ने ५ (१० प्रतिशत) रहेको छ । सामुदायि विद्यालयको निष्कर्ष लेख्ने विद्यार्थी सङ्ख्या ४३ (८६ प्रतिशत) र नगर्ने ७ (१४ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयको निष्कर्ष लेख्ने विद्यार्थी सङ्ख्या ४६ (९२ प्रतिशत) र नगर्ने ४ (८ प्रतिशत) रहेको छ । उक्त तालिकाको आधारमा हेर्दा सामुदायिक विद्यालयको सबैभन्दा बढी सप्रसङ्ग उल्लेख गर्ने ४६ (९२ प्रतिशत) रहेको छ भने सबैभन्दा कम विधा उल्लेख गर्ने विद्यार्थी सङ्ख्या १३ (२६ प्रतिशत) रहेको छ । त्यसैगरी संस्थागत विद्यालयको सबैभन्दा बढी निष्कर्ष उल्लेख गर्ने विद्यार्थी सङ्ख्या ४६ (९२ प्रतिशत) रहेको छ भने सबैभन्दा कम विधा उल्लेख र सप्रसङ्ग व्याख्या गर्ने ३९ (७८ प्रतिशत) रहेको छ ।

## ५.२ सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

### ५.२.१ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन

यस उपशीर्षकमा सामुदायिक विद्यालयका ५० विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन गरिएको छ । उक्त विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका सङ्ख्या ५

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | १ देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १२ | २४ | १५ | ३० | १३ | २६ | १० | २० |

चित्र सङ्ख्या ३

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत स्तम्भचित्र र तालिकाको तथ्याङ्कअनुसार प्रतिनिध नमुना छनोटमा परेका ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको व्याख्या लेखन क्षमताको अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू १२ (२४ प्रतिशत) रहेको छ भने ४० देखि ५९ अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १५ (३० प्रतिशत) रहेको पाइन्छ । त्यसैगरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १३ (२६ प्रतिशत) रहेको छ भने ८० भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० (२० प्रतिशत) रहेको छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यूनस्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू २४ प्रतिशत र मध्यम स्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका

विद्यार्थीहरू ३० प्रतिशत रहेको पाइन्छ । त्यसैगरी उच्च स्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू २६ प्रतिशत रहेका छन् भने अति उच्चस्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू २० प्रतिशत रहेका छन् । यसरी समग्रमा हेर्दा निम्न र मध्यम स्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू धेरै ५४ प्रतिशत रहेका छन् भने उच्च र अतिउच्च स्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू थोरै ४४ प्रतिशत रहेको हुँदा सामुदायिक विद्यालयको सप्रसङ्ग व्याख्या लेखन क्षमता मध्यम स्तरको रहेको पाइन्छ ।

### ५.२.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

यस उपशीर्षकमा सामुदायिक विद्यालयका ५० विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका सङ्ख्या ६

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५६.८८ | २१ | २१ | ४२ | २९ | ५८ |

चित्र सङ्ख्या ४

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क




यस वृत्तचित्र र तालिकामा प्रस्तुत गरिएअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको मध्यमान ५६.८८ रहेको छ भने मानक विचलन २१ रहेको छ। मध्यमानलाई आधार मानेर हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमानभन्दा कम ४२ प्रतिशत र मध्यमानभन्दा बढी ५८ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता मध्यमानभन्दा १६ प्रतिशतले बढी रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता राम्रो रहेको पाइन्छ। त्यसैले मानक विचलन २१ देखिनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता राम्रो रहेको पाइन्छ।

## ५.३ संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

### ५.३.१ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

यस उपशीर्षकमा संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ। यहाँ संस्थागत विद्यालयका विद्यार्थीहरूको

सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या ७**

**प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.सं. | १ देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५ | १० | १३ | २६ | १६ | ३२ | १६ | ३२ |

**चित्र सङ्ख्या ५**

**प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत स्तम्भचित्र र तालिकाको तथ्याङ्कअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५ (१० प्रतिशत) रहेको छ भने ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १३ (२६ प्रतिशत) रहेको पाइन्छ । त्यसैगरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १६ (३२ प्रतिशत)

रहेको छ भने ८० भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १६ (३२ प्रतिशत) रहेको छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यूनस्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू १० प्रतिशत र मध्यम स्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू २६ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी उच्चस्तरका सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू ३२ प्रतिशत रहेको पाइन्छ भने अति उच्चस्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू ३२ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी समग्रमा हेर्दा निम्नस्तर र मध्यम क्षमता भएका विद्यार्थीहरू ३६ प्रतिशत पाइन्छ भने उच्च र अति उच्चस्तर क्षमता भएका विद्यार्थीहरू ६४ प्रतिशत रहेको हुँदा संस्थागत विद्यालयको सप्रसङ्ग व्याख्या लेखन क्षमता उच्चस्तरको रहेको पाइन्छ ।

### ५.३.२ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

यस उपशीर्षकमा संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या ८

मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६५.३२ | १८.३ | २६ | ५२ | २४ | ४८ |

चित्र सङ्ख्या ६

मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत वृत्तचित्र र तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको मध्यमान ६५.३२ रहेको छ भने मानक विचलन १८.३ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमानभन्दा कम ४८ प्रतिशत र मध्यमानभन्दा बढी ५२ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता मध्यमानभन्दा ४ प्रतिशतले बढी रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता राम्रो रहेको पाइन्छ । मानक विचलनलाई १८.३ देखिनुले यसको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता राम्रो देखिएको छ ।

## ५.४ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलना

यस उपशीर्षकमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र

संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यस प्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या ९**

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क**

| विद्यालय प्रकृति | मध्यमान | मानक विचलन |
|---|---|---|
| सामुदायिक विद्यालय (५०) | ५६.८८ | २१ |
| संस्थागत विद्यालय (५०) | ६५.३२ | १८.३ |

**चित्र सङ्ख्या ७**

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत स्तम्भचित्र र तालिकाअनुसार समग्र विद्यार्थीहरूको सङ्ख्या १०० रहेको मा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको मध्यमान ५६.८८ रहेको छ भने संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको मध्यमान ६५.३२ रहेको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्कमा देखिएका मध्यमानलाई आधार मानेर हेर्दा सामुदायिकभन्दा

संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको मध्यमान ८.४४ अङ्कले बढी पाइएकाले सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता राम्रो रहेको पाइन्छ । त्यस्तै सामुदायिक तर्फका विद्यार्थीहरूको मानक विचलन २१ रहेको देखिन्छ भने संस्थागत तर्फको मानक विचलन १८.३ रहेको छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन संस्थागत विद्यालयका विद्यार्थीहरू मानक विचलन २.७ कम पाइनुले पनि सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता उच्च रहेको पाइन्छ ।

## ५.५ निष्कर्ष

विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमतामा ८० देखि बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० रहेको र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १६ रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूले भन्दा ४ अङ्क बढी ल्याएकाले सामुदायिको भन्दा संस्थागतको धेरै भएको पाइन्छ । मध्यमानको आधारमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता मध्यमान ८.४४ ले बढी रहेकाले राम्रो पाइन्छ । मानक विचलनको आधारमा तुलना गर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता २.७ ले कम रहेकाले राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

## अध्याय छ

# लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन

यस अध्यायमा लैङ्गिकताका आधारमा रूपन्देही जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका ५० जना छात्र र ५० जना छात्राहरूलाई प्रतिनिधि नमुना छनोट गरिएको छ । यहाँ सुरुमा छात्र र छात्राको छुट्टाछुट्टै अध्ययन गरिसकेपछि अन्त्यमा ती विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक अध्ययन समेत गरिएको छ ।

## ६.१ छात्र र छात्रा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा छात्र र छात्रा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति हेर्नका लागि विभिन्न आधार मानिएको छ । ती आधारहरू आदि, मध्य र अन्त्य उल्लेख, विधा उल्लेख सप्रसङ्ग उल्लेख, व्याख्या र निष्कर्ष लेख्ने आदिको आधारमा उत्तरपुस्तिका परीक्षण गरियो, त्यसमा विद्यार्थीहरूको उत्तरपुस्तिकाको परीक्षण पछि आएको परिणामलाई यसरी तालिकामा देखाइएको छ ।

तालिका सङ्ख्या १०

छात्र र छात्रा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | | आदि, मध्य, अन्त्य उल्लेख | | विधा उल्लेख | | सप्रसङ्ग उल्लेख | | व्याख्या | | निष्कर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने |
| ५० | छात्र। वि.सं. | ३८ | १२ | ३२ | १८ | ४७ | ३ | ४० | १० | ४३ | ७ |
| | प्रतिशत | ७६ | २४ | ६४ | ३६ | ९४ | ६ | ८० | २० | ८६ | १४ |
| ५० | छात्रा वि.सं. | ४४ | ६ | ४२ | ८ | ४३ | ७ | ४५ | ५ | ४७ | ३ |
| | प्रतिशत | ८८ | १२ | ८४ | १६ | ८६ | १४ | ९० | १० | ९४ | ६ |

उपर्युक्त तालिकाको आधारमा हेर्दा छात्र विद्यार्थीको आदि, मध्य, अन्त्य उल्लेख गर्ने विद्यार्थीको सङ्ख्या ३८ (७६ प्रतिशत) रहेको र आदि, मध्य, अन्त्य उल्लेख नगर्ने विद्यार्थी

सङ्ख्या १२ (२४ प्रतिशत) रहेको छ भने छात्रा विद्यार्थीहरूको आदि, मध्य, अन्त्य उल्लेख गर्ने ४४ (८८ प्रतिशत) रहेको छ भने छात्रा विद्यार्थीको आदि, मध्य, अन्त्य उल्लेख नगर्ने ६ (१२ प्रतिशत) रहेको छ । छात्र विद्यार्थीहरूको विधा उल्लेख गर्ने विद्यार्थीको सङ्ख्या ३२ (६४ प्रतिशत) र विधा उल्लेख नगर्ने १८ (३६ प्रतिशत) रहेको छ भने छात्रा विद्यार्थीको विधा उल्लेख गर्ने ४२ (८४ प्रतिशत) र विधा उल्लेख नगर्ने ८ (१६ प्रतिशत) रहेको छ । छात्र विद्यार्थीको सप्रसङ्ग उल्लेख गर्ने विद्यार्थीको सङ्ख्या ४७ (९४ प्रतिशत) र नगर्ने ३ (६ प्रतिशत) रहेको छ भने छात्रा विद्यार्थीको ४३ (८६ प्रतिशत) र नगर्ने ७ (१४ प्रतिशत) रहेको छ । छात्र विद्यार्थीको व्याख्या गर्ने विद्यार्थीको सङ्ख्या ४० (८० प्रतिशत) र नगर्ने १० (२० प्रतिशत) रहेको छ भने छात्रा विद्यार्थीको ४५ (९० प्रतिशत) र नगर्ने ५ (१० प्रतिशत) रहेको छ । छात्र विद्यार्थीको निष्कर्ष लेख्ने विद्यार्थीको सङ्ख्या ४३ (८६ प्रतिशत) र नगगर्ने ७ (१४ प्रतिशत) रहेको छ भने छात्रा विद्यार्थीको ४७ (९४ प्रतिशत) र नगर्ने ३ (६ प्रतिशत) रहेको छ । उपयुक्त तालिकाको आधारमा हेर्दा बढी छात्र विद्यार्थीको सप्रसङ्ग उल्लेख गर्ने ४७ (९४ प्रतिशत) रहेको छ । त्यसैगरी सबभन्दा कम छात्र विद्यार्थीका आदि, मध्य, अन्त्य उल्लेख गर्ने विद्यार्थीको सङ्ख्या ३८ (७६ प्रतिशत) रहेको छ भने छात्रा विद्यार्थीको विधा उल्लेख गर्ने विद्यार्थीको सङ्ख्या ४३ (८६ प्रतिशत) रहेको छ ।

## ६.२ छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

### ६.२.१ प्रतिशतका आधारमा छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या ११

प्रतिशतका आधारमा छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | १ देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | २० | १५ | ३० | १५ | ३० | १० | २० |

**चित्र सङ्ख्या ८**

**प्रतिशतका आधारमा छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत स्तम्भचित्र र तालिकाको तथ्याङ्कअनुसार नमुना छनोटमा परेका ५० जना छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने १० (२० प्रतिशत) रहेको छ भने ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १५ (३० प्रतिशत) रहेको पाइन्छ । त्यसैगरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १५ (३० प्रतिशत) रहेको छ भने ८० भन्दा बढी अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १० (२० प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यूनस्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका छात्रहरू १० प्रतिशत र मध्यम स्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू ३० प्रतिशत रहेको पाइन्छ । त्यसैगरी उच्चस्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू ३० प्रतिशत रहेको पाइन्छ भने अति उच्चस्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरूको २० प्रतिशत रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा निम्न स्तरका क्षमता भएका विद्यार्थीहरू २० प्रतिशत रहेको पाइन्छ र मध्यम स्तर क्षमता भएका विद्यार्थीहरू ३० प्रतिशत रहेको पाइन्छ भने उच्चस्तर क्षमता भएका ३० प्रतिशत रहेको पाइन्छ र अतिउच्च स्तर क्षमता भएका २० प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा न्यून मध्यम स्तर क्षमता भएका ५० प्रतिशत र उच्च र अतिउच्च स्तर क्षमता भएका ५०

प्रतिशत रहेको हुँदा छात्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

### ६.२.२ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या १२

मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५७.२८ | १८.७४ | २३ | ४६ | २७ | ५४ |

चित्र सङ्ख्या ९

मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क



प्रस्तुत वृत्तचित्र र तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको मध्यमान ५७.२८ रहेको छ भने मानक विचलन १८.७४ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम क्षमता भएका छात्रहरू ४६ प्रतिशत र मध्यमानभन्दा बढी क्षमता भएका छात्रहरू ५४ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा सप्रसङ्ग व्याख्या लेखन क्षमताको मध्यमानभन्दा कम ८ प्रतिशत छात्रहरू रहेकाले सप्रसङ्ग व्याख्या लेखन क्षमता मध्यम स्तरको रहेको पाइन्छ । त्यस्तै मानक विचलन १८.७४ देखिनुले यसका आधारमा छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता सन्तुलनको स्थिति देखिएको पाइन्छ ।

## ६.३ छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

### ६.३.१ प्रतिशतका आधारमा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या १३

प्रतिशतका आधारमा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | १ देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६ | १२ | १२ | २४ | १४ | २८ | १८ | ३६ |

चित्र सङ्ख्या १०

प्रतिशतका आधारमा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत स्तम्भचित्र र तालिकाको तथ्याङ्कअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६ (१२ प्रतिशत) रहेको छ भने ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १२ (२४ प्रतिशत) रहेको पाइन्छ । त्यसैगरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १४ (२८ प्रतिशत) रहेको छ भने ८० भन्दा बढी अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यूनस्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू १२ प्रतिशत र मध्यम स्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका विद्यार्थीहरू २४ प्रतिशत रहेको पाइन्छ भने अति उच्चस्तर क्षमता भएका विद्यार्थीहरू ३६ प्रतिशत रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा निम्नस्तर र मध्यम स्तर क्षमता भएका विद्यार्थीहरू ३६ प्रतिशत रहेको पाइन्छ । त्यस्तै उच्च र अति उच्च स्तर क्षमता भएका विद्यार्थीहरू ६४ प्रतिशत रहेको हुँदा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता उच्च स्तरको रहेको पाइन्छ ।

### ६.३.२ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या १४

मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६५.८८ | २०.३२ | २२ | ४४ | २८ | ५६ |

चित्र सङ्ख्या ११

मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत वृत्तचित्र र तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको मध्यमान ६५.८८ रहेको छ भने मानक विचलन २०.३२ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा छात्राहरू मध्यमानभन्दा कम ४४ प्रतिशत र मध्यमानभन्दा बढी ५६ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा छात्राहरूको

सप्रसङ्ग व्याख्या लेखन क्षमता मध्यमानभन्दा १२ प्रतिशतले बढी रहेकाले सप्रसङ्ग व्याख्या लेखन क्षमता राम्रो रहेको पाइन्छ । मानक विचलन २०.३२ देखिनुले यसको आधारमा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता मध्यम स्तरको देखिन्छ ।

## ६.४ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक अध्ययन

यस उपशीर्षकमा छात्र र छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या १५**

**मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क**

| लैङ्गिकता | मध्यमान | मानक विचलन |
|---|---|---|
| छात्र (५०) | ५७.२८ | १८.७४ |
| छात्रा (५०) | ६५.८८ | २०.३२ |

**चित्र सङ्ख्या १२**

**मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क**



प्रस्तुत स्तम्भचित्र र तालिकाअनुसार समग्र विद्यार्थीहरूको सङ्ख्या १०० रहेकोमा ५० जना छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको मध्यमान ५७.२८ रहेको छ भने ५० छात्राहरूको मध्यमान ६५.८८ रहेको छ । छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्कमा देखिएको मध्यमानलाई आधार मानेर हेर्दा छात्रभन्दा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको मध्यमान ८.६ अङ्कले बढी पाइएकाले छात्रको तुलनामा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता उच्च रहेको पाइन्छ । त्यस्तै छात्रहरूको मानक विचलन १८.७४ रहेको देखिन्छ भने छात्राहरूको मानक विचलन २०.३२ रहेको छ । यसरी हेर्दा छात्रहरूको मानक विचलनभन्दा छात्राहरूको मानक विचलन १.५८ कम पाइनुले छात्रहरूको तुलनामा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.५ निष्कर्ष

लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन विश्लेषण गर्दा छात्रहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमतामा ८० देखि बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० रहेको र छात्राहरूको सङ्ख्या १८ रहेको छात्र र छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमतामा भिन्नता रहेको पाइन्छ । मध्यमानको आधारमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलना गर्दा छात्रहरूभन्दा छात्राहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता ८.६ ले बढी रहेकाले उच्च रहेको पाइन्छ । मानक विचलनको आधारमा तुलना गर्दा छात्रभन्दा छात्राहरूको सप्रसङ्ग व्याख्या क्षमता १.५८ ले बढी रहेकाले राम्रो मानिन्छ ।

# अध्याय सात

# भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

यस अध्यायमा भाषिक पृष्ठभूमिको आधारमा रूपन्देही जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा ५०/५० जना नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोट गरिएको छ । यहाँ सुरुमा ती छुट्टाछुट्टै अध्ययन गरिसकेपछि अन्त्यमा ती विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक अध्ययन समेत गरिएको छ । यस आधारमा उनीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमतालाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ७.१ नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति हेर्नका लागि विभिन्न आधार मानिएको छ । ती आधारहरूमा आदि, मध्य, अन्त्य उल्लेख, विधा उल्लेख, सप्रसङ्ग उल्लेख, व्याख्या र निष्कर्ष लेख्ने आदिको आधारमा उत्तरपुस्तिका परीक्षण गरियो, त्यसमा विद्यार्थीहरूको उत्तरपुस्तिकाको परीक्षण पछि आएको परिणामलाई यसरी तालिकाबाट देखाउन सकिन्छ :

तालिका सङ्ख्या १६

नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | | आदि, मध्य, अन्त्य उल्लेख | | विधा उल्लेख | | सप्रसङ्ग उल्लेख | | व्याख्या | | निष्कर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने |
| ५० | मातृभाषी वि.सं. | ४१ | ९ | ४० | १० | ४४ | ६ | ३५ | १५ | ४३ | ७ |
| | प्रतिशत | ८२ | १८ | ८० | २० | ८८ | १२ | ७० | ३० | ८६ | १४ |
| ५० | अन्यमातृभाषी वि.सं. | ४३ | ७ | ३८ | १२ | ४१ | ९ | ४४ | ६ | ४६ | ४ |
| | प्रतिशत | ८६ | १४ | ७६ | २४ | ८२ | १८ | ८८ | १२ | ९२ | ८ |

उपर्युक्त तालिकाको आधारमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीको आदि, मध्य, अन्त्य उल्लेख गर्ने विद्यार्थीहरूको सङ्ख्या ४१ (८२ प्रतिशत) रहेको र आदि, मध्य, अन्त्य उल्लेख नगर्ने विद्यार्थीहरूको ९ (१८ प्रतिशत) रहेको छ भने अन्त्य मातृभाषी विद्यार्थीको आदि, मध्य, अन्त्य उल्लेख गर्नेको सङ्ख्या ४३ (८६ प्रतिशत) रहेको र आदि, मध्य, अन्त्य उल्लेख गर्ने विद्यार्थीको सङ्ख्या ७ (१४ प्रतिशत) रहेको पाइन्छ । नेपाली मातृभाषी विद्यार्थीको विधा उल्लेख गर्ने विद्यार्थीहरूको सङ्ख्या ४० (८० प्रतिशत) र विधा उल्लेख नगर्ने विद्यार्थी १० (२० प्रतिशत) रहेको छ भने अन्त्य मातृभाषी विद्यार्थीको विधा उल्लेख गर्ने सङ्ख्या ३८ (७६ प्रतिशत) र नगर्ने १२ (२४ प्रतिशत) रहेको छ । नेपाली मातृभाषी विद्यार्थीको सप्रसङ्ग व्याख्या उल्लेख गर्ने सङ्ख्या ४४ (८८ प्रतिशत) र नगर्ने ६ (१२ प्रतिशत) रहेको छ भने अन्य मातृभाषी विद्यार्थीको सङ्ख्या ४१ (८२ प्रतिशत) र नगर्ने ९ (१८ प्रतिशत) रहेको छ । नेपाली मातृभाषी विद्यार्थीको व्याख्या गर्ने विद्यार्थीहरूको सङ्ख्या ३५ (७० प्रतिशत) र नगर्ने १५ (३० प्रतिशत) रहेको छ भने अन्य मातृभाषी विद्यार्थीको सङ्ख्या ४४ (८८ प्रतिशत) र नगर्ने ६ (२२ प्रतिशत) रहेको छ । नेपाली मातृभाषी विद्यार्थीको निष्कर्ष लेख्ने विद्यार्थी सङ्ख्या ४३ (८६ प्रतिशत) र नगर्ने ७ (१४ प्रतिशत) रहेको छ भने अन्य मातृभाषी विद्यार्थीको सङ्ख्या ४६ (९६ प्रतिशत) र नगर्ने ४ (८ प्रतिशत) रहेको छ । उपर्युक्त तालिकाको आधारमा हेर्दा सबैभन्दा बढी नेपाली मातृभाषी विद्यार्थीको निष्कर्ष उल्लेख गर्ने ४३ (८६ प्रतिशत) रहेको छ भने अन्त्य मातृभाषी विद्यार्थीको पनि निष्कर्ष उल्लेख गर्ने ४६ (९२ प्रतिशत) रहेको छ । त्यसैगरी सबैभन्दा कम नेपाली मातृभाषी विद्यार्थीको व्याख्या उल्लेख गर्ने विद्यार्थी सङ्ख्या ३५ (७० प्रतिशत) रहेको छ भने अन्य मातृभाषी विद्यार्थीको सबैभन्दा कम विधा उल्लेखमा विद्यार्थी सङ्ख्या ३८ (७६ प्रतिशत) रहेको छ ।

## ७.२ नेपाली मातृभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

### ७.२.१ प्रतिशतका आधारमा मातृभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता

यस उपशीर्षकमा ५० जना नेपाली मातृभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ नेपाली मातृभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमतालाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

## तालिका सङ्ख्या १७

## प्रतिशतका आधारमा मातृभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | १ देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६ | १२ | १५ | ३० | १० | २० | १९ | ३८ |

## चित्र सङ्ख्या १३

## प्रतिशतका आधारमा मातृभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत स्तम्भचित्र र तालिकाको तथ्याङ्कअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना नेपाली मातृभाषी विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ६ (१२ प्रतिशत) रहेको छ भने ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १५ (३० प्रतिशत) रहेको पाइन्छ । त्यसैगरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीको सङ्ख्या १० (२० प्रतिशत) रहेको छ भने ८० भन्दा बढी अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यूनस्तरको सप्रसङ्ग व्याख्या लेखचन क्षमता १२ प्रतिशत र मध्यमस्तरको सप्रसङ्ग व्याख्या लेखन क्षमता भएका नेपाली मातृभाषी विद्यार्थीहरू ३०

